बैठक-३

आज मिति २०७८।०४।३२ गते यस हलेसी तुवाचुङ नगरपालिका, नगर कार्यपालिकाको बैठक नगरपालिकाको सभाकक्षमा नगर प्रमुख श्री इवन राईज्यूको अध्यक्षतामा बसी निम्नानुसारको निर्णयहरु गरियो ।

## उपस्थिति

| क्र.स. | पदाधिकारीको नाम | पद | ठेगाना | सम्पर्क नं | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | इवन राई | नगर प्रमुख | ह.तु.न.पा. ६ | ९८५१००९८७९ | |
| २ | बिमला राई | नगर उप प्रमुख | ह.तु.न.पा. ३ | ९८४२९७४५७१ | |
| ३ | रुद्र कुमार राई | वडा अध्यक्ष | ह.तु.न.पा. १ | ९८४२८०८५८४ | |
| ४ | हरिकुमार भडका | वडा अध्यक्ष | ह.तु.न.पा. २ | ९८५२८४९३४२ | |
| ५ | मनाराज राई | वडा अध्यक्ष | ह.तु.न.पा. ३ | ९८४२९०५६८३ | |
| ६ | किशोर कुमार बस्नेत | वडा अध्यक्ष | ह.तु.न.पा. ४ | ९८०८११२२५८ | |
| ७ | रमेश तिवारी मगर | वडा अध्यक्ष | ह.तु.न.पा. ५ | ९८५१२१५३३० | |
| ८ | रमेश कुमार राउत | वडा अध्यक्ष | ह.तु.न.पा. ६ | ९८५१००२३५४ | |
| ९ | चन्द्र राई | वडा अध्यक्ष | ह.तु.न.पा. ७ | ९८६३८४३०२० | |
| १० | पृथ्वीराज राई | वडा अध्यक्ष | ह.तु.न.पा. ८ | ९८४२९५०७६६ | |
| ११ | काशीराज राई | वडा अध्यक्ष | ह.तु.न.पा. ९ | ९८६२६८५२४६ | |
| १२ | ज्ञान बहादुर पुरी | वडा अध्यक्ष | ह.तु.न.पा. १० | ९८१५७५८३४४ | |
| १३ | सन्तोष मगर | वडा अध्यक्ष | ह.तु.न.पा. ११ | ९८०४७९७३९३ | |
| १४ | निपध्वज वि.क. | दलित सदस्य | ह.तु.न.पा. ७ | ९८०७७२९८६८ | |
| १५ | दिपक कुमार रुपाल | दलित सदस्य | ह.तु.न.पा. २ | ९८४२८०६२१४ | |
| १६ | ज्ञान बहादुर पाग्यार | दलित सदस्य | ह.तु.न.पा. ३ | ९८१३४५६७२१ | |
| १७ | गंगादेवी दाहाल | महिला सदस्य | ह.तु.न.पा. ४ | ९८४३४३६३९८ | गंगा |
| १८ | गोमता राई | महिला सदस्य | ह.तु.न.पा. १ | ९८६१११०००० | |
| १९ | लक्ष्मीमाया कार्की | महिला सदस्य | ह.तु.न.पा. ८ | ९८११७१८४१२ | |
| २० | रमा श्रेष्ठ | महिला सदस्य | ह.तु.न.पा. १० | ९८१३५६५८५० | |
| २१ | मञ्जु कार्की बस्नेत | महिला सदस्य | ह.तु.न.पा. ६ | ९८६२८२८०१० | |

२२. अनिल किराती सदस्य सचिव 9852849224
२३. राजेन्द्र पोखरेल रा.प. ([illegible]) 9852625130 राजेन्द्र
२४. अशोक आचार्य लेखापाल ९८४९३६४२४२

प्रस्तावहरु

१) वडाध्यक्षहरुवाट रिपोर्टिङ ।
२) नगर सभा सञ्चालन कार्यविधि २०७४ सम्बन्धमा ।
३) न्यायिक समिति गठन सम्बन्धमा ।
४) नगरकार्यपालिका कार्यसम्पादन नियमावली २०७४ संशोधन तथा विभागिय समिति गठन सम्बन्धमा ।
५) ~~विविध~~ बजेट तथा योजना तर्जुमा समिति गठन सम्बन्धमा ।
६) नगरसभा र समय तालिका सम्बन्धमा ।

विविध- क) ग्रामिण विद्युत सहकारी सम्बन्धमा ।
ख) अत्यावश्यक औषधि खरीद सम्बन्धमा ।
ग) जयराम बाटको औपचारिक पार्किङ शुल्क सम्बन्धमा ।

निर्णयहरु

निर्णय नं. १ प्रस्ताव नं. १ माथि छलफल हुंदा सबै वडा वाट गैरहेको काम कार्वाही र सेवा प्रवाहको विषयमा सम्बन्धित वडाका वडाध्यक्ष ज्यू हरुबाट कार्यसम्पादन प्रतिवेदन प्रस्तुत भयो, यस अन्तर्गत अनुगमन, विद्युत, खानेपानी, स्वास्थ्य संस्था हरुमा भएको औषधि अभाव, शिक्षाको गुणस्तर, कर्मचारी अनियमितता, सडक आदि विषयहरु नगर प्रमुख समक्ष पेश भएकोमा मुख्य समस्याहरुको समाधान यथासक्य चाँडो हुनुपर्ने प्रतिवेदन प्रस्तुत भयो ।

निर्णय नं. २, प्रस्ताव नं. २ माथि छलफल गर्दा नगर सभा सञ्चालन कार्यविधि २०७४ (नमुना) नियमावली को नियम नं. ३ को प्रावधानलाई संशोधन गरी नगरपालिकाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले ४ महिना भित्र सभाको पहिलो अधिवेशन बोलाइने छ भनि सर्वसम्मत आजको मितिवाट लागुहुनेगरी निर्णय पारित गरियो

निर्णय नं. ३, प्रस्ताव नं. ३ माथि छलफल गर्दा न्यायिक समिति निम्न पदाधिकारीहरु रहने गरि गठन गरी सर्वसम्मत पारीत गरियो ।

१) संयोजक – नगर उपप्रमुख – बिमला राई
२) सदस्य – ६ नं. वडाध्यक्ष – रमेश राउत
३) सदस्य – ४ नं. वडाध्यक्ष – किशोर कार्की

निर्णय नं. ४, प्रस्ताव नं. ४ माथि छलफल गर्दा मिति २०७४/०३/२० गते को नगरकार्यपालिकाको पहिलो बैठकमै पास गरेको हलेसी तुवाचुङ न. पा. नगर कार्यपालिका कार्य सम्पादन नियमावली २०७४ को नियम नं. १५ लाई संशोधन गरि नौ वटा विषयगत समिति गठन गरि कार्यक्षेत्र समेत विभाजन गरि तपसिल बमोजिम को समिति र समितिको संयोजक तोक्ने सर्वसम्मत निर्णय गरियो।

तपसिल

क) सार्वजनिक सेवा तथा क्षमता विकास समितिको कार्यक्षेत्र-

१, संगठन संरचना, दरबन्दी र कार्यविवरण।
२, सुशासन र सेवा प्रवाह
३, क्षमता विकास सम्बन्धि विषय

संयोजक - काशीराज राई

ख) सामाजिक विकास को कार्यक्षेत्र :-

१, शिक्षा तथा खेलकुद सम्बन्धि
२, विज्ञान तथा प्रविधि सम्बन्धि
३, स्वास्थ्य तथा जनसंख्या सम्बन्धि

संयोजक - किशोर कुमार बस्नेत

ग) पूर्वाधार विकास समितिको कार्यक्षेत्र :-

१, अल्पकालीन तथा दीर्घकालिन नीति, योजना र कार्यक्रम सम्बन्धि
२, उद्योग वाणिज्य, श्रम, रोजगार तथा बजार व्यवस्थापन सम्बन्धी
३, सूचना तथा संचार सम्बन्धी
४. खानेपानी तथा सरसफाई, सडक तथा भौतिक योजना र पूर्वाधार विकास सम्बन्धी
५. बस्ती विकास, शहरी योजना र भवन निर्माण सम्बन्धि

संयोजक - रुद्र राई

(घ) विधेयक समितिको कार्यक्षेत्र :-

१, नगर सभामा पेशहुने विधेयक सम्बन्धी।
२, नगर सभामा पेशहुने नियम, विनियम, कार्यविधि सम्बन्धी
३, कुनै कानुनी प्रश्न समावेश भएको नीति तथा कार्यक्रम सम्बन्धी

संयोजक - रमेश राउत

ङ) आर्थिक विकास समितिको कार्यक्षेत्र :-

१, बजेट तथा स्रोत परिचालन सम्बन्धी।
२, कृषि विकास सम्बन्धी।
३, पशु पंछी विकास सम्बन्धी।
४, स्रोतहरूको पहिचान सम्बन्धी।

संयोजक - ज्ञान बहादुर पुरी

च) वातावरण तथा विपद व्यवस्थापन समितिको कार्यक्षेत्र :-

१, वातावरण संरक्षण तथा हरियाली प्रवर्द्धन सम्बन्धी।
२, फोहोर मैला व्यवस्थापन सम्बन्धी।
३, नगरको सौन्दर्यको संरक्षण तथा विकास सम्बन्धी।
४, वन संरक्षण सम्बन्धी।
५, विपद पूर्व तयारी सम्बन्धी।
६, विपदको समयमा गर्नुपर्ने कामहरू सम्बन्धी।
७, विपद पछाडिको व्यवस्थापन सम्बन्धी।
८, वन, वातावरण र भूमि व्यवस्थापन सम्बन्धी।

संयोजक - सन्तोष खत्री

छ) पर्यटन पर्वर्द्धन तथा संस्कृति समितिको कार्यक्षेत्र :-

१, पर्यटन पर्वर्द्धन सम्बन्धी।
२, कला संस्कृति सम्बन्धी।
३, विद्युत र ऊर्जा सम्बन्धी।

संयोजक - चयन्द्र राई

ज) कृषि तथा सहकारी विकाश समितिको कार्यक्षेत्र :-

१, नागरिक आय आर्जन सम्बन्धी।
२, कृषि, सिचाई, सहकारी र गरिबी निवारण सम्बन्धी।

संयोजक - पृथ्वीराज राई

झ) लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण समितिको कार्यक्षेत्र

१, महिला प्रजनन स्वास्थ्य सम्बन्धी।
२, लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी
३, सरकारी तथा गैर सरकारी संघ संस्था सम्बन्धी।

संयोजक - सुमित्रा राई

माथि उल्लेखित सबै विषयगत समितिहरुको सदस्य संख्या ५ देखी ७ भन्दा नबढ्ने सर्वसम्मत बाट निर्णय गरियो। तथा समितिका सदस्यहरु संयोजकले तोकी आगामी कार्यपालिकाको बैठकमा अनुमोदनको लागी पेश गर्ने निर्णय गरियो साथै आवश्यकता अनुसार कुनैपनि समय समिती का पदाधिकारी हरु हेरफेर गर्न सकिने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. ५, प्रस्ताव नं. ५ माथि छलफल गर्दा बजेट तथा कार्यक्रम तर्जुमाकोलागी तपसिल बमोजिमको समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो।

तपसिल - (क) राजश्व परामर्श समिति :-

संयोजक - विमला राई - नगर उपप्रमुख
सदस्य - अनिल किराती - कार्यकारी अधिकृत
~~अन्यसंस्था~~ सदस्य - रमेश राउत हतुवनया.
~~सदस्य - रमेश श्रेष्ठ~~
महिला सदस्य - रमा श्रेष्ठ - महिला
सदस्य - - उद्योग वाणिज्य संघ
सदस्य - - नयाबस्ती (आफ) कमल
सदस्य - अशोक आचार्य - राजश्व विभाग शाखा

ख) श्रोत अनुमान तथा बजेट निर्माण समिति :

संयोजक - रवन राई - नगर प्रमुख
सदस्य - विमला राई - नगर उपप्रमुख
सदस्य - अनिल किराती - कार्यकारी अधिकृत
दलित सदस्य - दिपक विक
महिला सदस्य - मञ्जुकार्की बस्नेत
सदस्य - गंगादेवी दाहाल
सदस्य सचिव - अशोक आचार्य

ग) बजेट तथा कार्यक्रम तर्जुमा समिति :-

संयोजक - बिमला राई (नगर उपप्रमुख)

सदस्य - काशीराज राई

" - किशोर कुमार बस्नेत

" - रुद्र राई

" - रमेश राउत

" - ज्ञानबहादुर पुरी

" - सन्तोष खत्री

" - चन्द्र राई

" - पृथ्वीराज राई

" - सुमित्रा राई

सदस्य सचिव - अनिल किराती कार्यकारी अधिकृत

निर्णय नं. ६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा नगर सभाको समय तालिका तपसिलमा उल्लेखित तालिका अनुसार रहने सर्वसम्मत बाट पारित गरियो।

तपसिल

## योजना तर्जुमाको समय तालिका

| | | आ.व. ०७४/०७५ को लागि | | |
|---|---|---|---|---|
| १ | सघ तथा प्रदेशबाट वित्तिय हस्तान्तरणको खाका एव बजेट तथा कार्यक्रम तर्जुमा मार्गदर्शन प्राप्त गर्ने । | | | |
| २ | श्रोत अनुमान र कुल बजेट सीमा निर्धारण । | २ गते | | |
| ३ | बस्ती-टोल स्तरबाट योजना छनौट | १० गते | | |
| ४ | वडा स्तरीय योजना प्राथमिकिकरण | १३ गते | | |
| ५ | बजेट तथा कार्यक्रक तर्जुमा समितिबाट बजेट तथा कार्यक्रम तयारी | १४ गते | | |
| ६ | नगर कार्यपालिकाको बैठकबाट बजेट तथा कार्यक्रम स्वीकृनी गरि सभामा पेश गर्ने । | २० गते | | |
| ७ | नगर सभाको बैठकमा बजेट तथा कार्यक्रम स्वीकृति । | ३१ गते | | |

विविध –

निर्णय नं. 'क' विविध प्रस्ताव नं. क माथि छलफल गर्दा हलेसी ग्रामिण विद्युत सहकारी संस्था द्वारा सञ्चालित विद्युत बत्ति भडान तथा वितरण विगत लामो समय देखी अनियमित भएको तथा साधारण सभा समेत केहि वर्ष देखी नबसेको भन्ने स्थानिय बासिको गुनासोलाई ध्यानमा राखि र नगरपालिकाले मिति २०७४/०४/१८ गते भौतिक तथा वित्तिय प्रगति सहित जानकारी उपलब्ध गराउन माग गरिएको तथा बारम्बार भौतिक रुपमा व्यक्तिगत तथा संस्थागत रुपमा जानकारी माग गर्दा तथा वडा कार्यालय बाट पनि विभिन्न चरणमा छलफल गराउदा समेत प्रभावकारी निर्णय र कार्य नभएको रिपोर्टिङ भएको हुँदा उक्त संस्थालाई नगरपालिकामा आवश्यक छलफलको लागी अन्तिम पटक पत्राचार गर्ने र उपयुक्त जवाफ नआएमा तथा छलफलमा नआएमा सहकारी संस्थाबाट वितरण भएको विद्युतिकरण प्रविधि र मुल्याङ्कनको आधारमा दायित्व बहोर्ने वा प्राप्त गर्ने तथा खारेज गर्न सक्ने नगरपालिकाको अर्को बैठकले निर्णय गर्ने गरी सर्वसम्मत निर्णय गरीयो ।

विविध निर्णय नं. 'ख' विविध प्रस्ताव नं. 'ख' माथि छलफल गर्दा विभिन्न स्वास्थ्य संस्थाहरुमा हाल निःशुल्क वितरणका लागी आएको औषधीहरु वितरण गरि सकिएको र पुनः कुनै पनि औषधिहरु हाल सम्म नआएकोले जनस्वास्थ्यमा गम्भिर असर पर्ने देखिएको तथा विभिन्न स्वास्थ्य संस्था बाट माग गुनासो आएकोले तत्काल अत्यावश्यक औषधि खरीद गर्नको लागी स्वास्थ्य विभाग अन्तर्गत विनियोजन भएको रकम रु ४,५०,०००/- (चार लाख पचास हजार मात्र) को औषधि खरिदको लागी औषधिको लिस्ट माग गरी खरीद प्रक्रिया अगाडि बढाउने निर्णय सर्वसम्मत पारित गरियो ।

विविध

निर्णय नं. 'ग.' [illegible] यातायात मजदुर संगठन बाट अवैधानिक रूपमा रकम पार्किङ शुल्क को रूपमा संकलन गरिरहेको भन्ने जनगुनासो आएको हल्लाखल्ला सम्बन्धित व्यवसायी संघ लाई पत्राचार गरी अवैधानिक वा वैधानिक के-कसरी रकम संकलन गरिरहेको हो, विगतको आर्थिक पारदर्शिता सहित जानकारी माग गरि नगरपालिकाको समन्वय र निर्णय बिना यसरी उक्त रकम संकलन कार्य बन्द गर्नको लागी अनुरोध गर्ने निर्णय गरियो ।

विविध निर्णय नं. 'घ' अरु कुनै प्रस्ताव वा विषय नभएकोले आज को बैठक समापन गर्ने निर्णय गरियो ।